जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ५१ २०८० साल असोज १ गते सोमबार (18 Sep. 2023 Monday) मूल्य रु. ५/-

**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।**
**चाडपर्वमा फजुल खर्च नगरौं**

**हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।**

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : उकालो लागेको वैदेशिक ऋणले... ३ पृष्ठमा : संविधानमा संशोधनको ... ३ पृष्ठमा ताइवानमाथि चीनको ...

# खडकमा बालबिवाह बिरुद्धको बृहत अभियान शुभारम्भ




**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ।**

सप्तरीको खडक नगरपालिकामा आइतबार बालबिवाह बिरुद्ध बृहत अभियान प्रारम्भ भएको छ।

११ हजार मानिसको सहभागितामा आइतबार बिहान ११ बजे एक समारोहबीच अभियानको शुभारम्भ भएको घोषणा गरिएको हो।

“बालबिवाह जिन्दगी तवाह” नाराका साथ सुरु भएको बृहत अभियान उद्घाटनमा ब्यानर अनावरण गरि शुभारम्भ गर्दै प्रदेशसभा सदस्य माला कुमारी कर्णले सबै नागरिकले समाजमा व्याप्त कुसंस्कार र कुरुती बिरुद्ध आवाज उठाउने र परिवर्तनतर्फ लाग्नु पर्ने आवश्यकता औल्याइन्।

उनले बालबिवाह बिरुद्धको अभियान सफल बनाउन सबै राजनीतिक दल र सरोकारवाला निकायले सहयोग गर्नु पर्नेमा जोड दिइन्। बालबालिका सम्बन्धी ऐन प्रदेश सभामा प्रस्तुत भएको र यसलाई समय सापेक्ष तथा बालमैत्री बनाउन आफूले सक्दो पहल गर्ने उनले प्रतिबद्धता समेत जनाइन्।

कार्यक्रममा नगरपालिकाका मेयर जयप्रकाश चौधरीले आगामी मंसिर ६ गतेभित्र सबै वडालाई बालविवाह मुक्त वडा घोषणा गरि नगरपालिकालाई पूर्ण बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने उद्घोष समेत गरे।

कुल ११ वडा रहेको नगरपालिकामा हालसम्म ७ र ८ गरी २ वटा वडा बालविवाह मुक्त घोषणा भइसकेको बताउँदै उनले बाँकी ९ वटा वडामा यो अभियान विभिन्न सचेतना कार्यक्रमका साथ अघि बढ्ने जानकारी दिए।

खडक नगरपालिकाको आयोजना तथा सबल नेपाल र सेभ द चिल्ड्रेनको सहयोग र साझेदारीमा चलाइएको बालबिबाह बिरुद्धको बृहत अभियान अन्तरगत र्‍याली, म्याकिङ, प्रतिबद्धताका लागि हस्ताक्षर संकलन, चित्रकला, बक्तृत्वकला, हाजिरी जवाफ, किशोरीहरुबीच क्रिकेट प्रतियोगिता, बृक्षारोपन, घर र सवारी साधनमा सचेतनामूलक स्टिकर टाँस लगायतका गरी ११ वटा कार्यक्रम तय गरिएको छ।

सो अवसरमा नगर क्षेत्र भित्रका ४१ वटा सामुदायिक विद्यालयका छात्रछात्रा, ५० वटा बाल क्लब, वडा कार्यालय, स्वास्थ्य चौकी, अधिकारकर्मी, संचारकर्मी लगायतको सहभागिता रहेको थियो।

अभियान उद्घाटन समारोहमा नगरपालिकाकी उपप्रमुख रिताकुमारी चौधरी, पत्रकार महासंघका सभापति श्रवणकुमार देव, सबल नेपालकी अध्यक्ष जुना गिरी, सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक दिपकराज बुढाथोकी, इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरिक्षक सुवेश अधिकारी, जिल्ला बाल कल्याण संजालकी अध्यक्ष सलमा खातुन, निमित्त प्रमुख प्रशासकीय अधिकृत बसन्त कुमार दास लगायतले शुभकामना दिएका थिए।

# एकै दिन तीन वटा पर्व

**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ।**

सोमबार विश्वकर्मा पूजासँगै तीज र चौठी चान्द गरि तीन वटा पर्व परेको छ।

यी तिनै पर्वलाई मध्यनजर गर्दै सप्तरीका अधिकांश पालिकाहरुले सोमबार सार्वजनिक बिदा दिएका छन्। तर, संघ सरकारले भने तीजको अवसरमा महिलाहरुलाई मात्र बिदा दिएको छ।

प्रत्येक वर्ष असोज १ गते विश्वकर्मा पूजा मनाइन्छ। यो दिन मेशिनरी सामानहरुसँगै सवारीसाधनको पूजापाठ गरिन्छ।

यस्तै संयोगले सोमबारै नेपाली हिन्दु नारीले मनाउने हरितालिका (तीज) पनि परेको छ। विवाहित महिलाहरुले मनाउने यो पर्वमा दिनभरी ब्रत बस्छन्। ब्रतको तयारी स्वरुप एकदिन अघि दर खाइन्छ।

यसैगरि मधेशका महिलाहरुले मनाउने चौठी चान्द पर्व पनि सोमबारै परेको छ। यस दिन महिलाहरु दिनभरी ब्रत बसी राती प्रसाद चढाउने गर्छन्।

# आकस्मिक बाहेकका सबै स्वास्थ्य सेवा बन्द

**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ।**


चिकित्सक कुटपिटको घटनाको विरोधमा आइतबार देशभरका अस्पतालहरुमा आकस्मिक बाहेकका सबै स्वास्थ्य सेवा बन्द रहेका छन्। जिल्लाका अन्य अस्पताल तथा क्लिनिकमा पनि आकस्मिक र फार्मेसी सेवामात्रै सञ्चालनमा रहेको छ।

गत बुधबार हेटौंडा उपमहानगरपालिका १ स्थित सञ्चो अस्पतालमा कार्यरत डा विकास थापा र प्रशान्त बिडारीमाथि कुटपिट भएको घटनाको विरोधमा सबै स्वास्थ्य सेवा बन्द गरिएका हुन्।

चिकित्सकमाथि भएको आक्रमणका दोषीलाई सरकारले कानुनी दायरामा नल्याएको भन्दै नेपाल चिकित्सक सङ्घले स्वास्थ्य सेवा बन्द गर्न आह्वान गरेअनुरुप आकस्मिकबाहेक सबै सेवा बन्द गरिएको हो।

डेङ्गु सङ्क्रमणका कारण एक महिनाअघि मृत्यु भएका हेटौँडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै मृतक आफन्तसहितको केही युवाको समूहले बुधबार चिकित्सकमाथि अस्पतालभित्रै प्रवेश गरेर कुटपिट गरेका थिए।

# विद्युत हुकिङ गरेर चोरी गरिरहेको अवस्थामा १५ जना पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ।**

सप्तरीको बोदेबरसाइन र खडक नगरपालिकाबाट विद्युत हुकिङ गरेर चोरी गरिरहेको अवस्थामा १५ जना पक्राउ परेका छन्।

नेपाल विद्युत प्राधिकरण

*बाँकी अन्तिम पृष्ठमा*

## कर्मचारी आवश्यक्ता !

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल बौद्धिक अपाङ्गता भएका व्यक्ति र तिनका अभिभावकद्वारा संचालित बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र सम्बर्धनको लागि क्रियाशिल बौद्धिक अपाङ्गताको क्षेत्रमा काम गर्ने राष्ट्रिय स्तरको छाता संस्था हो।

यस संस्थामासप्तरीजिल्लाकालागि एक जना फिल्ड अधिकृतको आवश्यक्ता परेको हुँदा आवेदन पत्र र पछिल्लो ब्यक्तिगत बिबरण (CV) सहित आवेदन vacancy@pfpid.org.np मा दिनुहुन सुचित गरिन्छ।

बिस्तृत विवरणका लागि महासंघको वेबसाइट http:/www.pfpid.org.np मा हेर्न र उक्त बिस्तृत विवरण अनिवार्य रुपमा अध्ययन गरेर मात्र आवेदन गर्न समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ। रित नपुगेका कुनै पनि आवेदन प्रतिस्पर्धामा समावेश गरिने छैन।

**बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल**

**नक्साल, काठमाडौं**

## सम्पादकीय ....

# विश्वकर्मा सबैको साझा

असोज १ गते विश्वकर्मा पूजा । आजका दिन फलामे सामानहरुको पुजा गर्ने गरिन्छ । विश्वकर्मा पूजा हिन्दू देवता, ईश्वरीय वास्तुकार विश्वकर्माको लागि उत्सवको दिन हो । मेसिन, उद्योग, कलकारखाना, यातायातका साधनलाई सजाएर भव्यतापूर्वक पूजापाठ गरिन्छ । मेसिन, बस, ट्रक, जीप, कार, मोटरसाइकलसहित सम्पूर्ण यातायातका साधनको पूजापाठ गरेपछि विश्वकर्माको पूजापाठ सम्पन्न भएको विश्वास गरिन्छ ।

यो पूजा मुख्यतया कारखाना र औद्योगिक क्षेत्रहरूमा मनाइन्छ, प्रायः पसल फ्लोरमा श्रद्धाको प्रतीकको रूपमा पूजाको दिन इन्जिनियरिङ र वास्तुकला समुदायद्वारा मात्र होइन तर कारीगर, शिल्पकार, मेकानिक, स्मिथ, वेल्डर, औद्योगिक कामदार, कारखाना कामदार र अन्यद्वारा चिन्ह लगाइन्छ । तिनीहरू राम्रो भविष्य, सुरक्षित कामको अवस्था र सबैभन्दा महत्वपूर्ण कुरा, तिनीहरूको कार्यमा सफलताको लागि प्रार्थना गरिन्छ ।

यस दिन मेसिन र पार्टपूर्जाको पूजापाठ गर्नाले कुनै दुर्घटना नहुने र यी सामग्रीहरुबाट धोका नपाइने जनविश्वास रहिआएको छ । कतिपय उद्योग, कलकारखाना तथा ग्यारेजहरुले भगवान विश्वकर्माको माटोको प्रतिक मूर्ती ल्याएर पूजा गर्ने गर्छन् । परापूर्वकालमा दैत्यशक्तिबिरुद्ध लड्न देवताहरुलाई बिभिन्न किसिमको मेसिन, हतियार बनाइदिएर सहयोग गर्ने विश्वकर्मालाई फलामे देउताको रुपमा पूजापाठ गरिनुले यसलाई साझा देवताको रुपमा मानिन्छ ।

# उकालो लागेको वैदेशिक ऋणले नेपाली अर्थतन्त्र धरापमा

**हुमराज भुसाल**

वर्तमान समयमा नेपालीहरुमा पनि देश आर्थिक रुपमा सक्षम भएमा मात्रै नागरिकमा रहेको धनले प्रधावकारी रुपमा कार्य गर्न सक्ने रहेछ भन्ने चेतनाको विकास पलाउँदै गएको छ । यसको संकेतका रुपमा सरकारलाई बुझाउनु पर्ने राजस्व समयमा नै बुझाउने प्रचलन बढेको तथ्यबाट प्रमाणित भएको पाईन्छ ।

देशको अर्थतन्त्रमा सकारात्मक सुधार आउनु भनेको समग्रमा पुंजी निर्माणको कार्य अगाडि बढेर आर्थिक विकासका लागि चाहिने पुँजीको मागमा समस्या नहुनु हो । नेपाली अर्थतन्त्रमा वर्तमान संकटको अवस्था सिर्जना हुनुका विभिन्न कारकमध्ये नेपाली बजेट प्रणालीको इतिहासमा पहिलो पटक राजनैतिक प्रतिशोधको भावना राखेर देशलाई जबरजस्त तरिकाले बजेट होलिडेमा लैजानु पनि प्रमुख हो ।

अघिल्लो सरकारले सुरुवात गरेका अधिकांश विकास योजनालाई अलपत्र पारेर नयाँ योजनामा बजेट विनियोजन गरी आत्मघाती काम गर्दा देशको पुँजीगत खर्चको अवस्था पछिल्ला पाँच आर्थिक वर्षको तुलनामा अत्यधिक रकमले न्यून रहन गएको छ । यसले आन्तरिक बजारमा स्वदेशी मुद्राको प्रवाहसमेत रोकिँदै क्रयशक्ति क्षमता तथा उपभोग्य क्षमतामा कमी आईरहेको छ ।

२०७२ सालमा नेपालको संविधान जारी गरी कार्यान्वनयनमा आएपछि देशमा गरिबी, असमानता र बेरोजगारीको संख्यामा उल्लेख्य वृद्धि भएको छ । नेपालमा संविधानसभाबाट संविधान जारी गरिसकेपछि नेपाली युवाहरु द्वन्द्वकालको समयमा भन्दा तीव्र गतिमा वैदेशिक रोजगारीमा गईरहेका छन् । जसको प्रत्यक्ष असर देश विकासको गतिमा परिरहेको छ ।

विसं २००७ को राजनैतिक परिवर्तनपछि नेपाल र विश्वका अन्य राष्ट्रहरुबीच सम्बन्ध स्थापित हुन थाल्यो । त्यसबेला भारत र चीनको स्वशासित प्रदेश तिब्बतसंग मात्र व्यापारिक सम्बन्ध रहिआएको नेपालमा बढ्दो वैदेशिक व्यापारको मात्रामा पनि विस्तार हुन थाल्यो ।

विसं २०२१ सालदेखि नेपालको वैदेशिक व्यापारमा वृद्धि भई भारत र चीनबाहेक समुद्र पारका अन्य देशहरुसंग पनि व्यापार सम्बन्ध सुरुआत भएको थियो । वैदेशिक व्यापारको सन्दर्भमा आयात आ.व.२०३१/३२ मा रु. ८१ अर्ब रहेकोमा ०७८/७९ मा रु.१९ खर्ब २० अर्ब पुगेको छ । जबकि निर्यात सोही समयमा रु.८८ करोड ९६ लाख बाट रु.२ खर्ब पुगेको छ । यसले नेपालको बैदेशिक व्यापार निरन्तर ओरालो यात्रामा रहेको देखाउँछ ।

नेपालले आर्थिक वर्ष ०५३/५४ मा आफ्नो जिडिपिको ३३.४ प्रतिशतको आयात गरेकोमा आर्थिक वर्ष ०७७/७८ मा ४५ प्रतिशत बराबरको आयात गरेको छ । सोही समयमा निर्यात व्यापार नेपाली जिडिपिको १३.१ प्रतिशतबाट घटेर ३.३ प्रतिशतमा पुगेको छ । यसले नेपाली अर्थतन्त्र आयातमुखी अर्थतन्त्रमा रुपान्तरण भएको प्रमाणित गरेको छ ।

आर्थिक वर्ष ०६०/६१ मा नेपालको कुल आयात रु. १ खर्ब ३६ अर्ब रहेकोमा ०७८/७९ मा रु.१९ खर्ब २० अर्ब पुगेको छ । यसैगरी, निर्यात रु ५३ अर्ब ९१ करोडबाट रु २ खर्ब पुगेको छ । यसले नेपाली अर्थतन्त्रमा बाह्य मुलुकले माग गर्ने वस्तुको उत्पादन न्यून भएको बुझिन्छ । यसलाई बुँदागत रुपमा चर्चा गरौं ।

**विकास खर्चको अवस्था**

नेपालमा योजनाबद्ध आर्थिक योजना तथा बजेट प्रणालीको सुरुवात भएदेखि आर्थिक वर्ष २०७९/८० सम्म आईपुग्दा देशको विकास खर्चको अवस्थामा सकारात्मक प्रगतिको नतिजा प्राप्त गर्न सकिरहेको छैन । यसले गर्दा नेपाली अर्थतन्त्रले सात दशकको योजनाबद्ध विकास र बजेटरी प्रक्रियामा सान्दर्भिक उपलब्धि हासिल गर्न चुकिरहेको छ ।

अहिले देशमा १५ औं योजना कार्यान्वयनमा आईरहेको छ । संघीय सरकारका तर्फबाट यतिबेला १६औं योजनाको नीति तथा कार्यक्रमका सैद्धान्तिक पक्षका बारेमा सरोकारवालाहरुसमक्ष छलफल चलिरहेको छ।

विगतका योजनाहरुले अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेको कारणले देशमा आर्थिक विकास र वृद्धिको दीगो आधार तयार हुन सकेन । जसका कारणले वर्तमान समयमा मुलुकका सबै समष्टिगत आर्थिक सूचकहरुको अवस्था ऋणात्मक बनिरहेको छ ।

१६ औं योजनाको सैद्धान्तिक अवधारणापत्रले वर्तमान नेपाली अर्थतन्त्रका प्रमुख चुनौती र यसको समाधानका लागि नेपालले आफ्नै पुँजीमा गर्न सक्ने सुधारका रणनीतिक विकास योजना समावेश गर्दै संरचनात्मक अवरोध र त्यसको समाधान जरुरी छ । भएका योजना कार्यान्वयन र विकासका कार्यक्रमका स्पष्ट नेपाली मोडल स्थापित गर्न सकिएमा मात्रै दीगो विकासको लक्ष्यलाई प्राप्त गर्ने गरी अगाडि बढ्न सम्भव हुन्छ ।

स्थानीय निर्वाचन २०७४ पछि देशभर स्थानीय प्रदेश तथा संघीय सरकारको पहलमा भ्यूटावरहरु अनावश्यक रुपमा निर्माण गरी देश विकासका लागि आवश्यक पुंजीको गलत प्रयोगले पनि वर्तमान समयमा आर्थिक समस्या सिर्जना गर्नमा मुख्य भूमिका खेलेको छ ।

**बजेट कार्यान्वयनको अवस्था**

देशमा प्रजातन्त्रको पुनस्थापनापछि विनियोजन गरिएका कुनै पनि विकास योजनाहरु समयमै निर्माण सम्पन्न हुन सकिरहेका छैनन् । चरम राजनैतिक स्वार्थ तथा भ्रष्टाचारमा लिप्त कर्मचारी मनोविज्ञानले पनि बजेट कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका निर्वाह गरेको छ ।

२०५१ सालदेखि २०६२ सम्म द्वन्द्वको कारणले, २०६२ देखि २०७२ सम्म संविधान निमार्णका नाममा, २०७२ देखि २०७६ सम्म भूकम्प तथा संक्रमणकालीन समयका नाममा र २०७६ सालपछि कोभिड १९ का कारणले विकास योजना सञ्चालनमा अवरोध उत्पन्न भई बजेटको कार्यान्वयनमा समस्या आएको बताईन्छ । जुन तथ्यमा आंशिक सत्यता रहेता पनि वास्तविकता सत्यता भनेको नेपाली आर्थिक कुटनीतिको असफलता नै हो ।

वैदेशिक लगानीको सहयोगमा सञ्चालित योजना कार्यान्वयन आएता पनि पूर्वाधार, स्टार्टअप, भूमि क्षेत्रसँग सम्बन्धित बजेटको कार्यान्वयन शून्य अवस्थामा नै रहेका छन् । साधारण खर्च प्रत्येक आर्थिक वर्षमा सतप्रतिशत नै खर्च हुनु र पुँजीगत खर्च आशातित गतिमा खर्च नहुनुको कारण भनेकै कर्मचारीमा दिन कटाउने मनोविज्ञान तथा राजनैतिक नेतृत्वमा रहेको सस्तो लोकपियता प्रतिको मोह नै जिम्मेवार तत्व हो ।

तीन दशक अगाडिबाट सुरुवात गरिएका अधिकांश विकास योजनाहरु अहिलेको अवस्थामा आईपुग्दा समेत पूर्ण हुन सकिरहेका छैनन् । मुस्किलले सुरुवात गरिएका २० वटा राष्ट्रिय गौरवका योजनाहरु एक तिहाई पनि पुरा गर्न नसक्नुले अन्तरराष्ट्रिय जगतमा नेपालको आर्थिक प्रशासन लज्जित छ ।

**वैदेशिक रोजगारी**

नेपालको जनगणना-२०७८ ले करिब २२ लाख नेपाली मुलुक बाहिर रहेको देखाएको छ। यो नेपाली नागरिकता कायमै राखेर विदेशिएकाहरूको तथ्याङ्क हो। यसबाहेक देश छाडेर गएका र नागरिकता पनि त्यागिसकेका नेपाली मूलका मानिसहरूको संख्या गणनामा छैन।

छिमेकी मुलुकले बाहिरिएका नागरिकलाई देशप्रेम भावना जगाएर उनीहरुलाई स्वदेशमा लगानीका लागि प्रेरित गरिरहेको अवस्थामा हाम्रा नेतृत्वले दाताको सहयोगमा समेत भ्रष्टाचार गरेर नागरिकको हुर्मत काडिरहेका छन् ।

आर्थिक वर्ष २०७९/८० असार मसान्त सम्ममा करिब ८ लाख युवाले वैदेशिक रोजगारीको अनुमति लिएका छन् । सोही अवधिमा थप १ लाख १० हजार युवाले विदेश अध्ययनको अनुमति पाएका छन् । पहिलेदेखि नै विदेशमै रोजगारमा रहेका र उतै बसोबास गरेकाहरू लाखौंमा छn। अनौपचारिक माध्यम र पर्यटक भिसा लिएर पलायन हुनेहरूको संख्या पनि सानो छैन।

रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया, जापान आदि गएका युवाहरु केही समयमा स्वदेश फर्कन्छन् । उनीहरुले कमाएको रकम स्वदेशी अर्थतन्त्रमा प्रयोगमा आउने गर्दछ । अध्ययनका नाममा विकसित मुलुक जाने युवाहरूमध्ये अधिकाशं स्वदेश नफकर्ने सुनिश्चित छ । उनीहरुले अध्ययनका नाममा लगेको पुँजीले नेपाली अर्थतन्त्रलाई जोखिमपूर्ण अवस्थामा पुर्याउने पक्का छ ।

**सहकारी क्षेत्र**

नेपाली अर्थतन्त्रको एक

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधानमा संशोधनको आवश्यकता

**डा. जयराज आचार्य**
काठमाडौं, ३१ भदौ (रासस)।

नेपालमा २००४ सालदेखि आजसम्म सात-आठ वटा संविधान बनेका छन् र खारेज भएका छन्। यसरी हेर्दा तिनको आयु सरदर १० वर्ष रहिआएको देखिन्छ। त्यसले नेपाल अति नै लामो राजनीतिक सङ्क्रमणकालबाट गुज्रिरहेको छ भन्ने स्पष्टै देखाउँछ। देशमा रहेको राजनीतिक अपरिपक्वता र अदूरदर्शीता पनि यसैबाट देखिन्छ। यसका धेरै कारण छन्।

वर्तमान नेपालको संविधान दोस्रो संविधान सभाबाट बनेको हो। पहिलो संविधान सभाको चुनाव २०६४ व्यर्थ भयो। चार वर्षको कालक्षेपण भयो। अर्बौं रूपियाँ खर्च भयो। त्यसले पनि नेपालको राजनीतिक नेतृत्वको अपरिपक्वता र अदूरदर्शीता देखाएकै थियो। दोस्रो संविधान सभाको चुनाव २०७० मा भयो र त्यसले पनि आफ्नो म्याद सकिनै लाग्दा बल्लबल्ल २०७२ सालमा संविधान बनायो। जनताका सुझाव र आकांक्षा एकातिर संविधान अर्कोतिर बनाउने काम भयो। संविधानको स्वागतमा साँझमा दीपावली पनि भए र त्यसै साँझ संविधानको प्रतीक किताब जलाउने काम पनि भए। संविधान विवादित भइरह्यो र विवादमा देशभित्रका र देश बाहिरका शक्तिहरू खुलेर लागेको देखियो। त्यसलाई रोक्नेसम्मको प्रयास पनि भयो। तर जतिसुकै अस्वीकार्य रूपमा भएपनि आयो।

वर्तमान संविधानका तीन प्रमुख विशेषता भन्नु सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्र हुन्। यी तीनै गम्भीर विषय अझै विवादित छन्। यस संविधानको संरक्षण गर्नु आजको ठूलो कर्तव्य र दायित्व हो। सङ्घीयता र खासगरी अत्यधिक सांसद र मन्त्रीहरूको सङ्ख्या भएको प्रादेशिक संरचना र सरकार आर्थिक दृष्टिले धानी नसक्नुको भयो भन्ने एकथरि गुनासो छ। नेताहरुले प्रजातान्त्रिक संस्कार देखाउँदै स्थानीय निकायलाई संविधान, नियम र कानूनमार्फत धेरै अधिकार दिएर तिनमा सशक्तता र जिम्मेवारीको विकास गर्ने अधिकार दिनुपर्थ्यो। केन्द्र र स्थानीय निकायको बीचमा बनेको प्रदेश सरकारले आफ्नो साधन स्रोत परिचालन गरेर आफैंले उठाएको करबाट विकास गर्ने क्षमताको विकास गर्न सक्नुपर्थ्यो तर यस दिशामा अझैसम्म प्रभावकारी कदम चाल्न सकिएको छैन।

केन्द्र सरकारले देशको विकासका लागि राष्ट्रिय गौरवका ठूला योजना सञ्चालन गर्ने, राष्ट्रिय सुरक्षा र परराष्ट्र सम्बन्धको जिम्मेवारी लिने, आर्थिक र मौद्रिक नीति बनाउने र अनुगमन गर्ने र सुरक्षाका लागि सेनाको संगठन र परिचालन गर्ने जिम्मा लिनु पर्छ। अरू सवै विकास कार्य स्थानीय सरकार या निकायको जिम्मेवारीमा सुम्पिनु आवश्यक छ।

प्रदेश सरकारका बारेमा राम्ररी बुझाउन नसक्दा यसको औचित्यमाथि प्रश्न तेर्सिने अवस्था छ। प्रदेश सरकारमा कतिसम्म समस्या भएको देखियो भने नामसम्ममा पनि विवाद भइरहेको छ। विकासको काम त कता हो कता ? नाम चाहिएको छ कि काम ? देशमा काम नपाएर दिनहुँ हजारौं युवा युवती विदेसिइहेका छन्। गाउँघर रित्ता भएका छन्। स्वदेशमा पढ्ने वातावरण नभएर लाखौं विद्यार्थी वर्षेपिच्छे विदेसिएका छन्। क्याम्पसहरू खाली हुन थालेका छन्। मुलुक युवाविहीन हुने अवस्थामा हुने अवस्थामा पुग्दैछ। युवाविहीन हुनु भनेको मुलुक पछाडि धकेलिनु हो। सम्बद्ध सबै पक्ष यसतर्फ गम्भीर हुन आवश्यक छ।

देश सङ्घीयतामा जान हुँदैन र गएपनि तीनदेखि पाँचवटा सम्म प्रदेश भए पुग्छ भन्ने अधिकांशको राय त्यतबिला पनि प्रमुख रुपमा उठेको थियो। तर १४/१५ वटासम्म प्रदेश बनाउने प्रस्तावमाथि छलफल भयो र अन्त्यमा सातवटा प्रदेश बनाइयो। आज त्यसले पनि राम्ररी काम गर्न नसकेर समस्या ल्याएको छ।

अहिले धर्मनिरपेक्षता अर्को विवादित विषय भएको छ। नेपाललाई हिन्दू राष्ट्र कायम राख्नुपर्छ भन्ने सामाजिक समूहहरू मात्र होइन, राष्ट्रिय स्तरका राजनीतिक पार्टीहरू पनि यसलाई आफ्नो राजनीतिको एक प्रमुख एजेन्डा बनाएर जनतामाझ आफ्ना कुरा राखिरहेका छन्। बेलायत धर्मनिरपेक्ष राष्ट्र होइन, क्रिश्चियन राष्ट्र हो किनकी व्यवहारमा चर्च अफ इंगल्याण्डको मुख्य गभर्नर बेलायतकी रानी वा राजा हुन्छन्। तर त्यो राज्य उदार छ र ऋषि सुनक जस्ता हिन्दू धर्मालम्बी पनि प्रधानमन्त्री हुनमा आपत्ति छैन, हुन सक्छन् र भएकै छन्। सादिक खान लण्डनको मेयर छन्। उनलाई जनताले चुने, मेयर भए। नेपाल संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र हुँदा पनि उदारै थियो। मोहम्मद मोहसिन राष्ट्रिय सभाको अध्यक्ष हुन रोकिएको थिएन।

गणतन्त्र अर्को महत्वपूर्ण विषय छ। नेपालमा गणतन्त्रलाई संवैधानिक राजतन्त्रको स्थानापन्न (सब्स्टिच्युट) का रूपमा ल्याइयो। नेपाली जनताको लामो त्याग र तपस्याबाट प्राप्त उपलब्धिलाई संस्थागत गरी मुलुकलाई समृद्धिको बाटोमा लैजान संविधान कार्यान्वयनमा देखिएका कमी कमजोरीलाई समयमै समयानुकूल परिमार्जन गर्नु असजिलो मान्नु हुँदैन। *(लेखक पूर्व राजदूत राजनीतिक विश्लेषक हुनहुन्छ)*

## *उकालो लागेको ...*

खम्बाका रुपमा संविधानले नै स्वीकार गरेको क्षेत्रमा अहिले अनेकौं आशंकाका धमिरा लागिरहेका छन्। कतिपय सहकारीका सञ्चालकले गरेको गल्तीको सजाय समग्र सहकारी क्षेत्रले भोग्नु परेको छ।

सहकारी विभागको पछिल्लो तथ्याङ्कअनुसार ०७९ फागुनसम्म आइपुग्दा ३१,३७३ प्रारम्भिक सहकारी संस्था, जिल्ला र प्रदेश स्तरका सहकारी संघहरू १९ वटा, केन्द्रीय सहकारी संघ १ वटा राष्ट्रिय सहकारी बैंक सञ्चालनमा आएका छन्।

सहकारी संस्थामा सेयर सदस्य संख्या ७३ लाख ८१ हजार २ सय १८ पुगेको छ, जसमा महिला सहभागिता ५६ प्रतिशत छ। सहकारी अभियानको नेतृत्वमा महिलाको उपस्थिति करिब ३९ प्रतिशत छ।

सहकारी क्षेत्रबाट ४ खर्व ७८ अर्ब ३ करोड रुपैयाँ बचत परिचालन भई ४ खर्व २६ अर्ब ३५ करोड रुपैयाँ ऋण लगानी भएको छ। यो क्षेत्रले प्रत्यक्ष रुपमा ९३ हजार ७ सय ७१ व्यक्तिलाई आन्तरिक श्रम बजारमा रोजगारी सिर्जना गरेको छ।

कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा असर पर्‍यो। पछिल्लो समयमा सहकारीका सञ्चालकहरुमा वित्तिय अनुशासन कायम हुन नसक्दा बचतकर्ताहरुको बचत जोखिममा परेको छ।

त्यसैगरी, सहकारीले प्राथमिकता क्षेत्रमा लगानी नगरी घरजग्गामा लगानी गरेको र लगानीकर्ताहरुले ब्याजसमेत फिर्ता गर्न सक्ने वातावरण नभएकोले सहकारी जोखिममा परिरहेका छन्।

**बढ्दो निष्क्रिय जनसंख्या**

जनगणना २०७८ ले देश विकासका लागि आवश्यक पर्ने जनशक्ति नेपालमा रहेको बताएको छ। यद्यपि १५ देखि ५९ वर्षको जनङ्ख्या ६२ प्रतिशत रहेता पनि यसको ११ प्रतिशत जनशक्ति देशमा रोजगारीको अवसर नपाएकै कारण वैदेशिक रोजगारीमा पुगेका छन्।

जनगणनाको तथ्याङ्कअनुसार देशको ३४ प्रतिशत जनसंख्या आर्थिक रूपमा निष्क्रिय छन्। यसले देशमा ठूलो संख्यामा बेरोजगारीको समस्या रहेको र आर्थिक उपार्जनको विकल्पको खोजीमा रहेको देखाउँछ। यो संख्या प्रादेशिक हिसाबले मधेस र बागमती प्रदेशमा धेरै छ। मधेसमा २२ लाख १९ हजार ५ सय ६७ जना तथा बागमतीमा २० लाख १३ हजार ९ सय ९५ जना आर्थिक रूपमा निष्क्रिय छन्।

तथ्याङ्कले अब देशमा स्वरोजगार वृद्धि र आर्थिक अवस्था सुधारका लागि गम्भीरताका साथ राज्यले प्राथमिकताका साथ गर्नुपर्ने बताएको छ।

**उकालो लागेको वैदेशिक ऋण**

अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार यस्तो जीडीपीको अनुपातमा सार्वजनिक ऋण ४२ प्रतिशत पुगिसकेको छ। ऋण भन्नेबित्तिकै जोसँग जति पनि लिइहाल्ने प्रवृत्ति गलत हो। ऋण लिंदा त्यसको प्रयोग के मा भइरहेको छ भन्ने बहस आवश्यक छ।

श्रीलंकाको आर्थिक संकटका पछाडि वैदेशिक ऋण पनि प्रमुख कारक थियो। यसलाई नेपाल सरकारले समयमा नै बुझ्नु आवश्यक छ। सरकारको पछिल्लो तथ्याङ्कअनुसार हरेक नेपालीको टाउकोमा ६९ हजार बराबरको ऋणको भार छ। नेपालको कुल सार्वजनिक ऋण २१ खर्ब नाघेको अर्थ मन्त्रालयको विवरण छ। जसमा बाह्य ऋण रु १० खर्ब ६९ अर्ब ७८ करोड पुगेको छ। यो सरकारले तिर्ने ऋण भए पनि यसको दायित्व आमनागरिकमा नै हस्तान्तरण हुने हो।

विदेशी दाताहरूले नेपाललाई ऋणमा जोड दिँदै अनुदान घटाउँदै लैजानुले नेपाललाई वित्तिय रुपमा असफल बनाउने योजना नेपालले समयमै बुझ्नु आवश्यक छ। सरकारी विवरणअनुसार २०७४ सालपछि अनुदानभन्दा वैदेशिक ऋणको रकम बढ्दै गएको छ।

वर्तमान समयमा सरकारले साधारण खर्च चलाउनकै लागि पनि आन्तरिक ऋणले नपुगेर बाह्य ऋण उठाउन बाध्य पार्ने तत्व भनेको संघीय शासन प्रणाली रहेको कुरा तथ्यले प्रमाणित गरिसकेको छ। राजनैतिक दलहरुले ईमानदारीताका साथ संविधान संशोधन गरी यसलाई खारेज गरी देशलाई आर्थिक संकटबाट बचाउन ढिलाई गर्नु हुँदैन।

**बैंकमा रोकिएको पुँजी**

नेपाली बैंकहरुको तथ्याङ्कअनुसार, बैंकमा अहिले करिब ४ खर्ब बराबरको लगानीयोग्य पुँजी निजी क्षेत्रमा सहजै प्रवाह गर्नका लागि राष्ट्र बैंकले केही दिन अगाडि मात्र चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेर उत्पादनमूलक उद्योगका लागि निकै सजिलो व्यवस्था गरेको छ।

संशोधनले निजी क्षेत्रबाट सञ्चालनमा आएका उद्योग व्यवसाय विस्तारमा सहज हुने प्रतिक्रिया आइरहेको छ। देशमा लगानीयोग्य वातावरण निर्माण गर्नका लागि राष्ट्र बैंकले बैंकमा होल्ड भएको पुँजीलाई बजारमा सहज प्रवाह हुने परिवेश निर्माण हुने गरी नीति तय गर्नुपर्छ।

उपलब्ध पुँजीको जति धेरै परिचालन भयो, हुन्छ अर्थतन्त्रमा त्यत्ति नै धेरै पुँजी निर्माण प्रक्रिया चलायमान हुन्छन्। जसले आर्थिक गतिविधिलाई सहजतातर्फ लैजानुका साथै आन्तरिक रोजगारीका अवसर सिर्जना हुनुका साथै आम नागरिकको क्रयशक्ति क्षमतामा पनि वृद्धि गर्छ।

अन्त्यमा, विसं २००७ सालको राजनैतिक परिवर्तनपछि नेपाली जनतालाई शासकहरुले समृद्धिको भाषणमा थुप्रै आश्वासन दिदा दिदा वर्तमान समयमा देशको आर्थिक अवस्थालाई रुग्ण अवस्थामा पुर्‍याई रहेको कुरालाई तथ्यले प्रमाणित गरिसकेको छ। बुटवल निवासी भुसाल शिक्षण पेशामा आवद्ध छन्। रातोपाटीबाट

# विश्व समाचार

## ताइवानमाथि चीनको बढ्दो दबाब

ताइपेई, ३१ भदौ (रासस/एएफपी)।

ताइवानमाथि निरन्तर सैन्य एवं कूटनीतिक दबाब बढाएको चीनले अब मनोवैज्ञानिक दबाब पनि बढाएरहेको छ। स्वशासित ताइवानलाई आफूबाट छुट्टिएको प्रान्तको रूपमा लिएको बेइजिङले ताइपेइमाथि पुनःनियन्त्रण कायम गर्ने मनसुवा निरन्तर व्यक्त गर्दै आएको छ।

चीनका राष्ट्रपति सी चिनफिङले ताइवानसँग पुनःएकीकरण हुनैपर्नेमा जोड दिँदै आउनुभएको छभने देशको पुरानो प्रान्तलाई मुख्यभूमिमा गाभ्न आवश्यक परेमा बल प्रयोग गर्न पछिनपर्ने चेतावनी पनि दिँदै आउनुभएको छ। यद्यपि आफ्नै संविधान र प्रजातान्त्रिक रूपमा निर्वाचित सरकार भएको ताइवानले आफूलाई चिनियाँ मुख्य भूमिभन्दा पृथक मान्दै आएको छ।

चीनले आइतबार बिहानैदेखि ताइवान वरिपरि २८ वटा लडाकु विमान उडाएको छ। ताइवानी अधिकारीहरूका अनुसार अधिकांश ती विमानले ताइवान र चीनको मुख्य भूमिलाई छुट्याउने जलमार्गको मध्य रेखा पार गरेर स्वशासित टापुको दक्षिणपूर्व र दक्षिणपश्चिम हवाई प्रतिरक्षा क्षेत्रमा प्रवेश गरेका छन्।

चीनले लामो दूरीका अभ्यास र तालिम 'मिसन'सञ्चालन गरिरहेको तथा तिनले ताइवानी रक्षा स्थितिको निगरानी गरिरहेका ताइवानको रक्षा मन्त्रालयले एक विज्ञप्ति निकालेर जनाएको छ। पछिल्ला चिनियाँ गतिविधिले बेइजिङ र ताइपेईको सम्बन्ध अनपेक्षितरुपमा चिसिएको छ।

गत हप्ता साता पनि चिनियाँ लडाकु विमान र जहाज ताइवानी जलक्षेत्र र आकाशमा बारम्बार उडाइएका थिए। बेइजिङले यस महिना ताइवान 'स्ट्रेट'बाट संयुक्त राज्य अमेरिका र क्यानडाका दुईवटा जहाज पार भएपछि बेइजिङले आफ्ना सेनाहरूलाई उच्च सतर्कतामा रहन निर्देशन दिएको बताएको छ। ताइवानको रक्षा मन्त्रालयले गत बुधबार र बिहीबार बिहान पनि टापुको वरिपरि ६८ चिनियाँ विमान र १० नौसैनिक जहाज निरन्तर उडाएर निगरानी गरेको बताएको थियो। गत डिसेम्बर प्रायः दैनिक रुपमा चीनले ७० भन्दा बढी लडाकु विमान ताइवान वरपर उडाएको थियो।

गत अप्रिलमा ताइवानका राष्ट्रपति साई इङ्वेनले क्यालिफोर्नियामा अमेरिकी सभामुख केभिन म्याकार्थीलाई भेटेपछि बेइजिङले ताइपेईमाथि एक किसिमको घेराबन्दी गरेर सैन्य अभ्यास गर्दै आएको छ। अमेरिकासँग नजिक रहेको ताइपेईमाथिको बेइजिङको दबाव सामान्य भएको सैन्य विश्लेषकहरू बताउँछन्।

## लिबिया बाढी : डेर्नामा मात्र एक हजार तीन सय जनाको मृत्यु

वासिङ्टन, ३१ भदौ (रासस/एएफपी)।

लिबियामा ड्यानियल आँधीसँगै परेको मुसलधारे वर्षाले भीषण बाढी निम्त्याउँदा ज्यान गुमाउनेको सङ्ख्या विरोधाभासपूर्ण आइरहेका बेला पूर्वी शहर डेर्नामा मात्र ११ हजार तीन सय जनाले ज्यान गुमाएका संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

लिबियाको रेड क्रिसेन्टलाई उद्धृत गर्दै संयुक्त राष्ट्रसङ्घले अद्यावधिक गरेको विवरणअनुसार उक्त शहरका १० हजार एक सय जना अझै बेपत्ता छन्भने डेर्ना बाहेक अन्यत्र एक सय ७० जनाको मृत्यु भएको छ।

खोज तथा उद्धार टोली पीडितलाई जीवित फेला पार्ने आशमा हिलोमा खनिखोस्री तथा भग्नावशेषमा खोजी गरिरहेकाले मृतकको सङ्ख्या अझ बढ्ने अपेक्षा गरिएको उक्त विश्वसंस्थाले बताएको छ। यसअघि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अधिकारीहरूले तीन हजार नौ सय ९८ शव भेटिएका जनाएको थियो।

गत आइतवार दिउँसो आँधी आएसँगै मुसलधारे वर्षा हुँदा दुईवटा नदीमा बाँधिएका दुई वटा बाँध भत्केपछि बाढीले गाउँ-शहरका भवन र तिनमा बसेका सबैलाई बगाएको थियो। बाढीको विनाशबाहेक डेर्नामा केही देखिदैन। सामाजिक सङ्घसंस्थाका प्रतिनिधि हिलोमा पुरिएका लाश निकाल्न र तिनको व्यवस्थापनमा व्यस्त छन्। डेर्नामा मानवीय अवस्था भयावह रहेको तथा पिउने पानीको गम्भीर समस्या भएको उद्धारकर्मीहरूले बताएका छन्।

बाढीबाट सर्वाधिक प्रभावित पूर्वी शहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरबारविहीन भएका आप्रवासनसम्बन्धी अन्तरराष्ट्रिय सङ्गठन (आईओएम)ले गत शुक्रबार बताएको थियो। नब्बे हजार जनसङ्ख्या भएको डेर्नामा अहिले जताततै शवमात्र छरिएका र उद्धारकर्ता एवं सामाजिक सङ्घसंस्थालाई शव व्यवस्थापन ज्यादै चुनौतीपूर्ण बनेको छ। सुडान र इजिप्टका चार सय विदेशीको पनि बाढीमा मृत्यु भएको छ। हालसम्म तीन हजार एक सय ९० जनाको अन्त्येष्टि गरिएको जनाइएको छ।

यसैबीच, पूर्वी लिबियाको बन्दरगाह शहर डेर्नाका प्रमुख अब्दुलमेनम अल-गैथीधच अनुसार बाढीमा परी १८ हजारदेखि २० हजार मानिसको मृत्यु भएको छ। दुई वटा बाँध फुट्दा डेर्ना नगर र आसपासका जिल्लाका बासिन्दाको तथ्याङ्कमा आधारित भएर उनले त्यति धेरै लिबियालीले ज्यान गुमाएको बताएका हुन्। डेर्ना र वरपरका जिल्लामा भएको अकल्पनीय विनाशका आधारमा मृतकको सङ्ख्या २० हजारको हाराहारीमा पुगेको अल-अरेबिया टिभीलाई उनले बताएका छन्।

# चिनी आयातमा भन्सार छुट दिन संसदीय समितिको निर्देशन

काठमाडौँ, ३१ भदौ (रासस)।

संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चिनी आयातमा कर तथा भन्सार छुटको सहमति प्रदान गरिदिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ। समितिको आइतबारको बैठकले चाडपर्वमा चिनीको अभाव हुन नदिन वाणिज्य मन्त्रालयबाट माग भएको ५० हजार मेट्रिकटन चिनी मूल्य अभिवृद्धि कर छुट तथा एक प्रतिशत भन्सार महसुल लिने गरी आयातको सहमति उपलब्ध गराउन निर्देशन दिएको हो।

यसअघि वाणिज्य मन्त्रालयले ५० हजार मेट्रिकटन चिनी आयातका लागि भन्सार महसुल छुटको सहमति प्रदान गर्न अर्थ मन्त्रालयसँग आग्रह गरेको थियो। तर अर्थ मन्त्रालयले २० हजार मेट्रिकटन चिनी आयातका लागि ५० प्रतिशत मात्र भन्सार महसुल छुट दिने गरी आयातको सहमति प्रदान गरेको वाणिज्य मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिनुभयो।

नजिकिँदै गरेका चाडपर्वका समयमा चिनी, चामल र गहुँलगायतका अत्यावश्यक वस्तुको अभाव हुन नदिन र मूल्य नियन्त्रण गरी 'कार्टेलिङ' प्रणालीलाई निरुत्साहित गर्दै सहज आपूर्ति व्यवस्था मिलाउन र सहुलियत मूल्यमा बिक्री वितरण गर्न वाणिज्य मन्त्रालयबाट सहमति माग गरिएको विषय कार्यान्वयन नभएको विषयमा ध्यानाकर्षण भएको समितिका सभापति अब्दुल खाँनले जानकारी दिनुभयो।

बैठकले उपभोग्य वस्तमा हुने मिसावट, कृत्रिम अभाव, कालोबजारी, गैरकानुनी भण्डारण, अस्वभाविक मूल्यवृद्धिजस्ता अनियमित गतिविधि रोक्न उपभोग्य वस्तुको बजार अनुगमन गर्ने कार्यका लागि पर्याप्तमात्रामा जनशक्ति र स्रोतसाधनको व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउन उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिले देशमा विभिन्न स्थानमा सुपथ मूल्य पसल खोली उपभोक्तालाई सुपथ, सस्तो र गुणस्तरीय उपभोग्य सामान उपलब्ध हुने व्यवस्था मिलाउन पनि उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ।

बैठकले दैनिक प्रयोग हुने खाद्यवस्तु नुन, चिनी, चामल, दाल, तरकारी, तेल, दूध, पानी र औषधिलगायतका उपभोग्य वस्तुमा दशैं तिहार तथा छठ पर्वलाई लक्षित गरी हुने कालोबजारी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभावलगायत विषयमा समितिले स्थलगत अनुगमन गर्ने निर्णयसमेत गरेको छ। उक्त अनुगमनका लागि सभापतिको नेतृत्वमा चार समिति सदस्य र दुई कर्मचारी रहेको अनुगमन टोली गठन गर्ने बैठकको निर्णय छ।

समितिको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले चाडवाडको मुखमा चिनीको अभाव हुन नदिन भारतबाट चिनी आपूर्तिका लागि पत्राचार गरिएको बताउनुभयो। नेपाली बजारमा तीन लाख मेट्रिकटन चिनीको माग भए पनि उत्पादन दुई लाख ६० हजार मेट्रिकटन मात्र रहेको छ।

"चिनीको अभाव हुन नदिन ५० हजार मेट्रिकटन चिनी उपलब्ध गराइदिन भारतसँग पत्राचार गरिएको छ, भारतीय पक्षबाट नेपालले माग गरेअनुसारको चिनी उपलब्ध गराइदिने जानकारी आएको छ", उहाँले भन्नुभयो।

अर्थमन्त्रालयले २० हजार मेट्रिकटन चिनी आयातका लागि भन्सार महसुलमा ५० प्रतिशत छुट दिएको उहाँले जानकारी दिनुभयो। सरकारले चिनीको आयातमा ३० प्रतिशत भन्सार महसुल लगाउँदै आएको छ। दश हजार मेट्रिकटन चिनी साल्ट ट्रेडिङ कर्पोरेशन र १० हजार मेट्रिकटन चिनी खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट आयात गर्ने सरकारको तयारी छ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले दैनिक उपभोग्य वस्तुको आपूर्तिको स्थिति सहज भए पनि बजारको स्थिति डामाडोल रहेको बताउनभयो। "कुनै कुराको अभाव छैन, तर मूल्य हेर्‍यो भने अस्वभाविक मूल्यवृद्धि भएको छ, अनावश्यक ढङ्गले महँगो बनाइएको छ", उहाँले भन्नुभयो।

बैठकमा सदस्यहरुले चिनीको माग, उत्पादन र आपूर्तिको एकीकृत तथ्याङ्क राख्न, ऊखु किसानका समस्या समाधान गर्न, चिनी उत्पादनमा आत्मनिर्भर हुने योजना ल्याउन तथा बजार अनुगमनलाई तीव्र पार्नुपर्नेमा जोड दिनुभएको थियो।

# ७.५२ प्रतिशत मूल्य वृद्धि

**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ।**

साउनमा नेपालीहरूले ७.५२ प्रतिशत मूल्य वृद्धि खेपेका छन्। राष्ट्र बैंकले वार्षिक औसत मूल्यवृद्धि ६.५ प्रतिशतमा कायम गर्ने लक्ष्य लिएको छ। गत आर्थिक वर्षको साउनमा नेपालीहरूले ८.२६ प्रतिशतको महँगी खेपिरहेका थिए।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसलाको ४५.५६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थमा १३.२० प्रतिशत, दूध, अण्डाको १२.१९ प्रतिशत, रेष्टुरेण्ट तथा होटलबाट प्राप्त सेवामा ११.०५ प्रतिशत र तरकारीमा १०.८० प्रतिशतले मूल्य वृद्धि देखिएको छ। घ्यू, तेलमा १५.१३ प्रतिशतले महँगी घटेको छ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृतिमा १५.५५ प्रतिशत, शिक्षा सेवाको ९.१० प्रतिशत, घरायसी उपयोगका वस्तुहरूमा ६.९३ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरूको ६.७९ प्रतिशतले बढेको छ। यातायात ०.८१ प्रतिशतले महँगी घटेको छ।

काठमाडौं उपत्यकाका मानिसहरूले ८.५० प्रतिशतको मूल्य वृद्धि खेपिरहँदा तराईमा ६.७० प्रतिशत, पहाडमा ७.५० प्रतिशत र हिमालमा ११.४६ प्रतिशत महँगी देखिएको सेतोपाटी डटकमले जनाएको छ।

## विद्युत हुकिङ ...

बितरण केन्द्र बोदेबरसाइन शाखाबाट खटेको कर्मचारी र प्रहरीको संयुक्त टोलीले आइतबार खडक नगरपालिकाबाट ११ र बोदेबरसाइन नगरपालिकाबाट ४ गरि १५ जनालाई पक्राउ गरेको हो।

प्राधिकरणको बोदेबरसाइन शाखाका प्रमुख रुपेश कुमार यादवले बोदेबरसाइन नगरपालिकाका कपिल सदा, दिनेश यादव, कुशेश्वर यादव र भागवत राम अवैध रुपले विद्युत पोलमा हुक लगाई बत्ति तथा अन्य काममा विद्युतको प्रयोग गरिरहेको अवस्थामा पक्राउ परेको जानकारी दिए।

त्यस्तै सोही आरोपमा खडक नगरपालिकाका देवकान्त मण्डल, रामअधिन मण्डल, विश्वनाथ मण्डल, मिथिलेश मण्डल, बिन्देश्वर मण्डल, महन्थी मण्डल, हरिनारायण मण्डल, किशोर चौधरी, योगि राम, साकिर हुसैन र मो. नौसाद अलि पनि पक्राउ परेका छन्।

प्राधिकरणले चोरीको विद्युत बाल्ने ग्राहकको मिटरसमेत नियन्त्रणमा लिए लाइन काट्ने कामलाई प्राथमिकता दिएको शाखा प्रमुख यादवले बताए।

उनले पक्राउ परेकाहरुबाट चोरी गरि प्रयोग गरेको विद्युत महसुलको तत्कालै मुल्याङकन गरि निस्केको रकम र त्यसमा लाग्ने जरिवाना जोडेर असुल गरिने जनाएका छन्। उनले त्यस क्षेत्रमा विद्युत चोरी भइरहेको सूचना आएपछि प्राधिकरणका कर्मचारी तथा सशस्त्र र नेपाल प्रहरीको संयुक्त टोली परिचालन गरिएको बताए।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**नेपालको संविधानका विशेषता**

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता ,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था.
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*